# बोगटान फुड्सिल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चवराचौतारा,डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- ०७६।०७७
चलानी नं. :- .........

मिति : २०७६।१२।२६

## प्रेस विज्ञप्ति

बिश्वव्यापी महामारीको रुप लिइरहेको कोरोना भाइरस (COVID-19) संक्रमण बिश्वको धेरै मुलुकमा फैलिरहेको परिप्रेक्ष्यमा गाउँपालिका भित्र कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि नियमित रुपमा साबुन पानीले हात धुने, खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने , जंगली र घरपालुवा पशुपंक्षी संगको असुरक्षित सम्पर्कबाट टाढा रहने , ज्वरो आउने, खोकी लाग्ने ,सास फेर्न गाह्रो हुने जस्ता लक्षण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा परामर्श लिने, हात नमिलाउने, अंकमाल नगर्ने जस्ता कार्य गर्न हुन सम्पूर्ण गाउँपालिका बासीमा अनुरोध छ ।

साथै लकडाउन पुर्ण रुपमा लागु गर्न अति आवश्यक काम बाहेक घर बाहीर ननिस्कन एवं नजिकै आइरहेको नयाँ वर्ष तथा बिशौ पर्वको अवसरमा मेला, उत्सव,भेटघाट, भिड नगर्न नगराउनका साथै काचो मासु नखान तथा मासु राम्रो संग पकाएर मात्र खानहुन सम्पूर्ण गाउँपालिका बासीमा अनुरोध छ

गाउँपालिका भित्र कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि बिपद् व्यवस्थापन समितिको आज बसेको बैठकले तपसिल निर्णयहरु गरेको हुँदा सम्बन्धित सबैमा जानकारी एवं कार्यान्वयनका लागि अनुरोध छ ।

१. कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागी गरिएको लक डाउनले दैनिक ज्यालादारी गरि जिवन निर्वाह गर्ने विपन्न वर्गलाई परिवार संख्याको आधारमा अतिआवस्यक खाद्यान्न सामग्री वडाध्याक्ष ज्युको सिफारीसमा राहत वितरण गर्ने ।

२. कोरोना भाइरसको उच्च जोखिमलाई मध्यनजर गरि यस गाउपालिकामा थप २ वटा आइसोलेशन बेड थप्ने ।

३. यस गाउपालिकाको विपद ब्यवस्थापन राहत कोष ग्लोवल आइ एम ई बैंक बोगटान शाखामा रहेको खाता नं. D७०४०१००००००६ मा इच्छुक ब्यक्तिबाट राहत रकम संकलनको लागी सबैमा अनुरोध गर्ने ।

४. कोरोना भाइरसको उच्च जोखिमलाई मध्यनजर गरि यस गाउपालिका संग सिमा जोडिएका छिमेकी गाउपालिका तथा जिल्लाहरुको नाकामा थप कडाइ गर्ने ।

५. भारत लगायत अन्य देशबाट आउने सम्पूर्ण ब्यक्तिहरुको अनिवार्य रुपमा कोरोना परीक्षण गरी गाउपालिकामा पठाउने ब्यवस्थाका लागि सुदुरपश्चिम प्रदेश सरकारलाई लाई अनुरोध गर्ने ।

६. आज यस गाउपालिकाका विभिन्न क्वारेन्टाइनमा रहेका ६७ जना र अन्य ९ जना गरी ७६ जनाको कोरोना भाइरसको (COVID 19) परिक्षणको लागी नमुना (Nasopharyngeal and Oropharyngeal swab) संकलन गरि पठाइयो ।

१२।२६

कमल बहादुर गडसिला

अध्यक्ष

अध्यक्ष : ९८६८५६९९९७ ,उपाध्यक्ष :९८६९५०९५८० ,कार्यालय प्रमुख :९८४८४७५५९२, सूचना प्रविधि अधिकृत :९८६५७४६१८७
Website : bogatanmun.gov.np, Email:icto.bogatanmun@gmail.com